# लोक सेवा आयोग

नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७७/०६/१५

समय:- ३ घण्टा

पूर्णाङ्क:- १००

पत्र:- प्रथम

विषय:- शासन प्रणाली (Governance Systems)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section - A

1. नेपालमा सूचनाको हक सम्बन्धी प्रचलित कानूनी व्यवस्थाबारे जानकारी गराउनुहोस् । नेपालमा विद्यमान सूचनाको हक कार्यान्वयनमा रहेका व्यावहारिक समस्याहरू र समाधानका उपायहरू उल्लेख गर्नुहोस् । १०
   Introduce and inform on the prevailing legal regime vis-à-vis right to information. Specify the practical problems that relate to the implementation of right to information in Nepal with your thoughts on solutions.

2. सहकारितामूलक शासन भन्नाले के बुझ्नुहुन्छ? नेपालको संविधानले सहकारितामूलक शासनको अवधारणालाई कसरी कल्पना गरेको छ? चर्चा गर्नुहोस् । ४+६=१०
   What do you understand by cooperative governance? Also discuss, how the Constitution of Nepal has envisioned the concept of cooperative governance?

3. राष्ट्रिय सुरक्षा व्यवस्थापन (National Security Management) भन्नाले के बुझ्नुहुन्छ? नेपालको राष्ट्रिय सुरक्षा व्यवस्थापनमा देखिएका चुनौती र समाधानको उपायहरू संक्षेपमा प्रस्तुत गर्नुहोस् । २+४+४=१०
   What do you mean by National Security Management? Discuss the challenges and their solutions of our National Security Management in brief.

## Section - B

4. नेपालले हाल राजनैतिक र प्रशासनिक तहमा अभ्यास गरिरहेको 'समावेशीकरण नीति' को व्याख्या र विश्लेषण गर्नुहोस् । १०
   Explain and analyze the "Inclusion Policy" which is in practice at the political and administrative level of Nepal.

5. संवैधानिक निकायहरू कानून निर्मित निकायहरूभन्दा कसरी फरक हुन्छन्? संवैधानिक निकायमा नियुक्ति प्रक्रियाबारे उल्लेख गर्नुहोस् । १०
   How do Constitutional bodies differ from statutory bodies? Mention the process of appointment in constitutional bodies.

क्रमशः

## Section - C

6. निजामती सेवाका विश्वव्यापी मूल्यमान्यताहरूको पृष्ठभूमिमा नेपालको निजामती सेवालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ? तर्कपूर्ण ढंगले आफ्नो धारणा दिनुहोस् । १०
In the context of universal values of Civil Service, how do you assess the values of Nepalese Civil Service? Give your opinion logically

7. विद्युतीय शासन सुशासनको एक महत्वपूर्ण माध्यम हो भन्ने भनाईलाई पुष्टि गर्ने तर्कहरू प्रस्तुत गर्दै यसमा नेपालले हालसम्म प्राप्त गरेका मुख्य मुख्य उपलब्धि र अनुभूत गरिएका चुनौतिहरूका विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ४+३+३=१०
Justify that "e-Governance is one of the significant means of good governance". Also give your opinion on the major achievements so far and challenges observed in the field of e-Governacne in Nepal.

8. सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझ्नुहुन्छ? सार्वजनिक सेवा प्रवाहलाई जनताको सहज पहुँचमा पुर्‍याउन स्थानीय तहको भूमिकालाई कसरी अभिवृद्धि गर्न सकिन्छ? बयान गर्नुहोस् । १०
What do you mean by public service delivery? How to enhance the role of local level in making service delivery accessible easily to the people? Explain.

## Section - D

9. सहभागितामूलक योजना प्रक्रियाका मान्यताहरू उल्लेख गर्दै नेपालको विकास प्रक्रियामा सहभागितामूलक योजना प्रक्रियाको अभ्यासप्रति समीक्षात्मक टिप्पणी गर्नुहोस् । १०
Highlight the major assumptions of participative planning. Also comment analytically upon the exercise of participative planning in development process in Nepal.

10. आर्थिक अनुशासन कायम गर्न/गराउन आन्तरिक लेखा परीक्षणको आवश्यकता किन हुन्छ? आन्तरिक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण बीचको सम्बन्ध कसरी देख्नुहुन्छ? कारण सहित आफ्नो उत्तर दिनुहोस् । १०
Why internal audit is necessary to maintain financial discipline? How do you see the relationships between internal and final audit? Give reasons to your answer.

«« समाप्त »»